
# लेखापरीक्षण प्रतिवेदन
# पर्वत
## २०७२।७३




## महालेखापरीक्षकको कार्यालय
### काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सबैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुऱ्याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट *www.oagnep.gov.np* मा समेत राखिएको छ ।

# विषय सूची


| सि.नं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २. | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३. | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| | ३.१ घरेलु तथा साना उद्योग विकास समिति | ३ |
| | ३.२ जिल्ला विकास समितिको कार्यालय | ३ |
| | ३.३ जिल्ला स्वास्थ्य कार्यालय | ११ |
| | ३.४ जिल्ला शिक्षा कार्यालय | १४ |
| | ३.५ स्थानीय विकास कोषको सचिवालय | १७ |
| ४. | आन्तरिक लेखापरीक्षण | १८ |
| अनुसूची १ : लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क | | १९ |
| अनुसूची २ : बेरुजूको स्थिति | | २० |
| अनुसूची ३ : जिल्ला विकास समितिको एकीकृत आय-व्यय विवरण | | २१ |
| अनुसूची ४ : जिम्मेवार पदाधिकारीको नामावली | | २३ |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था** : संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ। लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ। संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रवर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

४. **पद्धति** : संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ।

| | |
|---|---|
| • सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>• वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>• महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>• संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>• गुणस्तर आश्वस्तता निर्देशिका,<br>• आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>• राजस्व लेखापरीक्षण मार्गदर्शन, | • सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>• प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>• जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>• जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>• लेखापरीक्षकको आचारसंहिता,<br>• सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम ५ कार्यालयको विस्तृत र २७ कार्यालयको आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएकोछ।

# लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षण** : यस जिल्ला स्थित ३२ सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.३ अर्ब ४२ करोड ५० लाख को लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ।

२. **बेरुजू** : आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ।

यस वर्ष १५ कार्यालयको प्रारम्भिक प्रतिवेदनवाट कूल दफा १२३ र रु.२९ करोड ९१ लाख ९२ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो। प्रतिवेदन अबधिसम्म ७ कार्यालयको प्रतिक्रियावाट फछ्र्यौट र समायोजन भएका ३९ दफा र रु.३ करोड ५९ लाख ३१ हजार मिलान गरी १४ कार्यालयको दफा ८४ र रु.२६ करोड ३२ लाख ६१ हजार बेरुजू बाँकी रहेको छ। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिक्रियावाट फछ्र्यौट एवं समायोजन गरी बाँकी दफा कायम गरिएको छ। लेखापरीक्षणको क्रममा रु.२ हजार असुल भएको छ।

बाँकी बेरुजू मध्ये असूल उपर गर्नुपर्ने रु.६६ लाख २१ हजार, अनियमित रु.१७ करोड ८१ लाख २० हजार र पेश्की रु.७ करोड ८५ लाख २० हजार रहेको छ। यस सम्बन्धी विवरण अनुसूची २ मा उल्लेख छ।

३. **सुझाव** : तोकिएको प्रक्रिया अपनाइ समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो। प्राप्त अख्तियारी बमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असूलउपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ। बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची ४ मा दिइएको छ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असूलउपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असूलउपर गरी फछ्र्यौट गर्नुपर्दछ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १००(३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ। तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाहीसहित हानि नोक्सानी भएको रकम असूलउपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ। प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता वा कबुलियतनामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ।

# कार्यालयगत लेखापरीक्षण व्यहोरा

## घरेलु तथा साना उद्योग बिकास समिति

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा वार्षिक खरिद योजना तयार नगरेको, जिन्सी निरीक्षण नगरेको, जिन्सी खातामा रहेका केही सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, समितिको कामसँग सम्बन्धित सम्भावित जोखिमहरु पहिचान गर्ने, तिनको विश्लेषण गर्ने र सो अनुरुप आवश्यक नियन्त्रण प्रणाली तयार नगरेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, स्थायी लेखा नम्बर नलिएको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **खर्च संरचना** : स्वीकृत बार्षिक कार्यक्रमबमोजिम तोकिएको चौमासिकमा कार्यक्रम सञ्चालन गर्नुपर्नेमा पूँजीगत खर्चतर्फ पहिलो चौमासिकमा कुल खर्चको शून्य प्रतिशत, दोस्रो चौमासिकमा ८७ प्रतिशत र तेस्रो चौमासिकमा १३ प्रतिशत खर्च भएको छ । तोकिएका कार्यक्रम समयमा सम्पन्न गर्नुपर्दछ ।

३. **निर्देशिकाको पालना** : घरेलु तथा साना उद्योग विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७० बमोजिम सञ्चालित तालिमको उपादेयता, प्रशिक्षार्थी छनौट प्रक्रिया निर्धारण गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेमा समितिबाट सञ्चालित तालिम कार्यक्रमको उपादेयता, असर र प्रभावको सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन गरी पृष्ठपोषण नलिएको, अनुगमन गरेको अभिलेख नराखेको, तालीमका लागि प्रशिक्षार्थी छनौट प्रक्रिया निर्धारण नगरेको, तालिमको पाठ्यक्रममा समयानुकूल परिमार्जन नगरेको, नवीकरण गरी सञ्चालनमा रहेको उद्योगको अभिलेख अद्यावधिक गरी राखेको छैन । निर्देशिकाअनुसार कार्यक्रम सञ्चालन तथा अभिलेख व्यवस्थापन गनुपर्दछ ।

४. **आयकर** : आयकर ऐन, २०५८ अनुसार भुक्तानीमा कर कट्टी गनुपर्नेमा पारिश्रमिक कर रु.४,९५०।-, बहाल कर रु.२,७००।- अग्रिम आयकर रु.३४९।- समेत रु.७,९९९।- कट्टी गरेको नदेखिँदा असूल गर्नुपर्ने देखिन्छ ।

## जिल्ला विकास समितिको कार्यालय

१. **वित्तीय विवरण** : सार्वजनिक निकायले नियममा तोकेको ढाँचा बमोजिम लेखा राखी तयार गरेको वित्तीय विवरणले कारोबारको वास्तविक र यथार्थ चित्रण गर्नुपर्दछ । कार्यालयको बैंक नगदी किताब, जिन्सी खाता, आय खाता लगायतका विवरणहरु लेखापरीक्षण अवधिसम्म समेत प्रमाणित अवस्थामा नरहेको, समपुरक कोषका लागि उपलब्ध गराएको रकमलाई समेत आम्दानी देखाउने गरेको, एक अर्को खातामा रकम ट्रान्सफर गर्ने वा एक कार्यक्रमवाट खर्च लेखी अर्को कार्यक्रममा लैजाँदा हुने आन्तरिक कारोबारहरुलाई वित्तीय विवरण तयार गर्दा शून्य प्रभाव देखाउनुपर्नेमा हरेक पटक आम्दानी खर्च देखाउने, कतिपय शीर्षकमा हस्तलिखित भौचर र सफ्टवेयर मार्फत निकालेको भौचर बीच मिति फरक रहेको, कर तथा धरौटी कट्टा गरेको रकम तत्काल दाखिला नगरी पछि जोडेर एकमुष्ट दाखिला गर्ने गरेको, बैंक नगदी किताबबाट देखिएको जम्मा आम्दानी र खर्च को.ले.नि.का.ले प्रमाणित गरेको आर्थिक विवरणले देखाएको भन्दा फरक रहेको, बैंकअनुसार बाँकी मौज्दात र स्रेस्तानुसार बाँकी मौज्दात रकम फरक देखिएको र सो को समायोजन विवरण तयार नगरेको, चालू वर्षको पेश्की बाँकीलाई फछ्र्यौट गर्ने मिति उल्लेख गरी सो आधारमा म्याद नाघे ननाघेको उल्लेख नगरी सवै पेश्कीलाई म्याद ननाघेकोमा वर्गीकरण गरेको जस्ता व्यहोरा

देखिएकोले प्रस्तुत एकीकृत आय-व्यय विवरणले आर्थिक कारोवारको  सही र यथार्थ चित्रण गरेको छैन । अत: तोकेको ढांचा बमोजिम लेखा राखी वित्तीय विवरण तयार गर्नु पर्दछ ।

२. **बैंक समायोजन :** लेखा (श्रेस्ता) ले देखाउने मौज्दात  र बैंक स्टेटमेन्टले देखाएको मौज्दात फरक पर्न गएमा म.ले.प.फा.नं. १५ (बैंक समायोजनको विवरण) तयार गरी हिसाव मिलान गर्नु पर्दछ । बैंक स्टेटमेन्ट अनुसार रु.८ करोड ९६ लाख ५६ हजार मौज्दात देखिएकोमा श्रेस्ता अनुसार रु.६ करोड ९९ लाख मौज्दात देखाएकोले मौज्दातमा रु.१ करोड ९७ लाख ५६ हजार फरक देखिएको छ । सो फरकको समायोजन विवरण तयार गरेको छैन । सो फरक मध्ये २ खातासंग सम्वन्धित मौज्दात श्रेस्तामा भन्दा बैंकमा बढी र ४ खातासंग सम्वन्धित मौज्दात श्रेस्तामा भन्दा बैंकमा कम रहेको देखिन्छ । श्रेस्ताले देखाएको रकम र बैंकले देखाएको मौज्दातमा फरक पर्न गएको सम्वन्धमा आवश्यक छानविन गरी हिसाव मिलान गर्नुपर्दछ ।

३. **विद्युतीय लेखा सफ्टवेयर :** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ४८ (५) मा आम्दानी खर्चको हिसाब कम्प्युटराइज्ड लेखा प्रणालीमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले गत विगत वर्षदेखि आर्थिक प्रशासनसँग सम्बन्धित सूचना एवं तथ्यांकलाई मन्त्रालयले तोकेको कम्प्युटर सफ्टवेयरमा प्रविष्ट गर्ने गरेको भएतापनि विद्युतीय अभिलेख कार्यलाई व्यवस्थित गर्न नसकी थप लिखित भौचर पनि उठाउने गरेको र हस्तलिखित भौचर तयार गरेको महिनौपछि कम्प्यूटरमा पोष्टिङ्ग गरेकोले विद्युतिय लेखा नतिजामुखी भन्दा प्रक्रियामुखी भएको छ । कारोवारको लेखालाई विद्युतीय ढंगबाट सम्पादन गरी कार्यप्रक्रिया सरलीकरण र व्यवस्थित गर्नुको साथै प्रविष्ट भएका सूचनाको उपयुक्त सुरक्षण गर्नुपर्ने देखिन्छ।

४. **पेश्कीको वर्गीकरण :** विभिन्न कार्यक्रम अन्तर्गत दिईएका पेश्कीको फछ्र्यौट गर्ने म्याद खुलाई पेश्की बाँकीको विवरणमा म्याद नाघे ननाघेको खुलाउनुपर्नेमा सो अनुसार  फछ्र्यौट गर्ने म्याद खुलाएको देखिंदैन । चालू वर्षमा दिईएको र बाँकी रहेको पेश्कीलाई म्याद ननाघेको पेश्कीमा वर्गिकरण गर्ने गरेको देखिन्छ । पेश्कीको प्रकृति अनुसार  फछ्र्यौट गर्ने म्याद खुलाई विवरण तयार गर्ने र सो म्यादको आधारमा वर्गीकरण गरेमा मात्र विवरणले सही र यथार्थ चित्रण गर्ने भएकोले सुधार गर्नुपर्दछ ।

५. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । यस सम्बन्धी केही व्यहोरा निम्न छन् :

५.१ स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३२ (१) मा जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखापरीक्षण शाखाले गर्ने व्यवस्था बमोजिम सहायक स्तरका एक जना कर्मचारी रहेको आन्तरिक लेखापरीक्षण शाखा रहेको छ । तोकिए बमोजिम मासिक रुपमा आन्तरिक लेखापरीक्षण गरी चौमासिकरुपमा प्रतिवेदन दिने कार्य भएको छैन । आन्तरिक लेखापरीक्षण समयमा सम्पन्न गरी औंल्याइएका बेरुजू र तत्सम्बन्धमा भएका कारबाही टुङ्गो लगाई आन्तरिक लेखापरीक्षणलाई थप प्रभावकारी बनाउनु पर्दछ ।

५.२ स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २३६ मा खरिद कार्य सम्वन्धि ज्ञान भएको कर्मचारीहरु समाबेश भएको खरिद ईकाइ गठन गर्नुपर्ने उल्लेख छ । यो वर्ष रु.१० करोड भन्दा बढीको खरिद तथा निर्माण कार्य गरेकोमा खरिद ईकाइ गठन गरेको देखिएन ।

५.३ वार्षिक खरिद योजना तयार गरेता पनि तोकेको ढांचामा तोकिएका सम्पूर्ण सूचना उल्लेख नभएको, बैंक र श्रेस्ता बीच मौज्दात फरक भएकोमा समायोजन हिसाव तयार गरी हिसाव फरफारक नगरेको, पुराना सामान तथा अन्यत्रवाट हस्तान्तरण भई आएका सामानको मूल्य

नखुलेको, कार्यालयको स्वामित्वमा रहेका सम्पत्ति अन्य पक्षले उपभोग गरेको, मर्मत अभिलेख नरहेको, मातहत कार्यालयहरुको निरीक्षण गर्ने गरेको भनेता पनि निरीक्षण गर्दा देखिएको व्यहोरा र दिइएको निर्देशनको अभिलेख नरहेको, समयमा पेश्की फछ्र्यौट नहुने, कार्यालयको उद्देश्य प्राप्तीमा आउन सक्ने जोखिम पहिचान, आंकलन र त्यसलाई सामना गर्ने रणनीति नभएको जस्ता व्यहोरा देखिएका छन् ।

कानुनको परिपालना गरी आन्तरिक नियन्त्रण प्रणाली सबल बनाउनु पर्दछ ।

६. **चौमासिक र आषाढ महिनाको खर्च** : कार्यालयको नीति र कार्यक्रम बमोजिम समयवद्धरुपमा काम सम्पन्न गर्नुपर्नेमा प्राप्त विवरणअनुसार केन्द्रीयतर्फका ९ उपशीर्षकहरुमा भएको कूल पूँजिगत खर्च रु.८,६८,४५,७१०।५० मध्ये प्रथम चौमासिकमा शून्य, दोश्रो चौमासिकमा रु.१,१४,६७,१९८ (१३.२० प्रतिशत) र तेश्रो चौमासिकमा रु.७,५३,७८,५१२।५० (८६.८० प्रतिशत) खर्च भएको देखिन्छ । आषाढ महिनामा मात्र रु.३,६७,६९,३६६ (४२.३३ प्रतिशत) खर्च भएको छ । अन्तिम चौमासिक र आषाढ महिनामा ठूलो रकम खर्च गर्दा कामको चापको कारणले पर्याप्त अनुगमन, सुपरीवेक्षण गर्न नसकी कामको गुणस्तरमा समेत असर पर्न नदिन योजनावद्धरुपमा समयमै कार्यक्रम सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७. **आवधिक योजना** : जिल्ला विकास समितिले आवधिक योजना तयार गरी सो को आधारमा वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेमा २०५९।६० देखि २०६३।६४ को आवधिक योजना तयार गरेपनि सो अवधि पछिकोलागि आवधिक योजना तयार गरेको देखिएन । आवधिक योजनाको आधारमा श्रोत साधनको उचित परिचालन, विनियोजन गरी लगानी गर्न सकेमा अधिकतम परिमाण प्राप्त गर्न सकिने भएकोले यसतर्फ ध्यान दिनु पर्दछ ।

८. **अनुगमन मूल्याङ्कन** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१०(१) मा जिल्ला विकास समितिले योजना वा कार्यक्रम तर्जुमा गर्दा अनुमान गरिएको श्रोत साधनहरुको परिचालन, सोको कार्यान्वयन तालिका अनुसार कार्य नभएकोमा सम्बन्धित पक्षलाई सचेत गराउन सक्ने व्यवस्था छ । यो बर्ष २०७३।०३।२४ मा एक पटक मात्र जिल्ला सुपरीवेक्षण तथा अनुगमन समितिको बैठक बसी अनुगमन प्रतिवेदनमा सवै आयोजना तथा कार्यक्रमहरुमा काम सन्तोषजनक देखिएकोले प्राविधिक मूल्यांकन अनुसार भुक्तानी दिने एकल निर्णय भएको देखिन्छ। सञ्चालित विभिन्न योजनाको अनुगमन गरेको मिति, योजना तथा कार्यक्रम, स्थान, अनुगमन गर्ने व्यक्ति, देखिएका व्यहोरा समेतको विवरण सहितको चौमासिकरुपमा प्रतिवेदन गर्ने गरेको देखिएन । ऐन तथा कानूनमा ब्यवस्था भए बमोजिम सुपरिवेक्षण तथा अनुगमन कार्यलाई प्रभावकारी तुल्याई योजना र कार्यक्रम सञ्चालनमा देखिएको समस्या समाधान गरी गुणस्तर कायम गर्न ध्यान दिनुपर्दछ ।

९. **योजनाको प्रगति** : जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७ को दफा २६(२) मा आयोजना सञ्चालन गर्ने निकायले सम्पन्न भईसकेका आयोजनाहरुको नियमित रेखदेख र मर्मत सम्भारको जिम्मेवारी उपभोक्ता समितिलाई हस्तान्तरण गरी दीगो सञ्चालन हुने व्यबस्था मिलाउनु पर्ने उल्लेख छ । कार्यालयले पेश गरेको विवरण अनुसार विभिन्न १० कार्यक्रम अन्तर्गत सञ्चालित २०७ मध्ये १४६ योजना सम्पन्न भएको र ६१ योजना सम्पन्न भएको छैन । विवरण अनुसार २ योजनामा शून्य, १ मा २५ प्रतिशतसम्म, ३ मा ५० प्रतिशतसम्म र २३५ योजनामा ७५ प्रतिशतसम्म प्रगति भएको देखिन्छ । प्रत्येक योजनाको भारको आधारमा भौतिक र वित्तीय दुवै प्रगतिको मापन गरी समयमा आयोजना सम्पन्न गरी सञ्चालन हुने व्यबस्था मिलाउनुपर्दछ।

१०. **ठेक्का बन्दोबस्त** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २० अनुसार ठेक्का बन्दोवस्तको कार्य प्रथम चौमासिकमा गर्नुपर्नेमा अन्तिम चौमासिकमा त्यसमा पनि आषाढमहिनामा गरेको देखिन्छ । झोलुंगेपुल क्षेत्रगत कार्यक्रमतर्फ ३ कार्य बोलपत्र मार्फत भएकोमा ३ वटै तेश्रो चौमासिकमा भएको छ । सो मध्ये २ ठेक्का बन्दोबस्त आषाढ महिनामा भएको देखिन्छ। सो मध्ये कुनै पनि यस वर्ष भित्र सम्पन्न भएको छैन। ग्रामीण यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम अन्तर्गतका ४ कार्य सिलबन्दी दरभाउपत्रवाट भएकोमा ४ वटैको ठेक्का बन्दोवस्त तेश्रो चौमासिकमा भएको छ । निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गतका २ कार्य सिलबन्दी दरभाउपत्रवाट भएकोमा २ वटैको ठेक्का बन्दोवस्त तेश्रो चौमासिकमा भएको छ । यसवाट समयमा पूँजिगत खर्च हुन नसक्ने, पेश्की बाँकी रहने, छोटो समयमा काम गर्दा पर्याप्त अनुगमन नभई गुणस्तरको काम हुन नसक्ने भएकोले नियमावलीको व्यवस्थाको परिपालना गरी ठेक्का बन्दोवस्त गर्नु पर्दछ ।

११. **म्याद थप** : सञ्चालित आयोजनाहरु सम्झौता र कार्यतालिका बमोजिम समयमै सम्पन्न हुनेगरी कार्यान्वयन गर्नुपर्दछ । झोलुंगेपुल क्षेत्रगत कार्यक्रमतर्फका ३ ठेक्का मध्ये १ को ५० प्रतिशत सम्म र २ को ५१ प्रतिशत देखि १०० प्रतिशतसम्म म्याद थप भएको देखिन्छ । त्यस्तै स्थानीय स्तरका सडक पुल तथा सामुदायिक पहुँच सुधार परियोजनाको ३ आयोजना शुरु अवधिको ५० प्रतिशतसम्म म्याद थप भएको देखिन्छ ।

झोलुंगेपुल निर्माणतर्फ स्टीलपार्टस खरीदकालागि २०७३।०३।२४ मा सम्पन्न गर्ने गरी २०७३।०१।०९ मा सम्झौता भएकोमा लोडसेडिङ भएको, ल्याव टेष्टको प्रतिवेदन आउन समय लागेको भन्ने निर्माणव्यवसायीको निवेदनको आधारमा २०७३।०६।१५ सम्म अर्थात् शुरु सम्झौता अवधिको तुलनामा १०० प्रतिशतभन्दा बढी (२ महिना २१ दिन) म्याद थप गरेको देखिन्छ । लोडसेडिङ हुने, ल्याव टेष्टको प्रतिवेदन लिन समय लाग्ने जस्ता पूर्वानुमान गर्न सकिने विषयको आधारमा म्याद थप गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१२. **निर्माण ठेक्काबाट सवारी साधन खरिद** : निर्माण कार्यको बि.ओ.क्यू.मा राखी सवारी साधन खरिद गर्न नमिल्नेमा स्थानीय स्तरका सडक पुल कार्यक्रम तर्फ मल्यांदी खोला मोटरेवल पुलको निर्माण ठेक्काको बि.ओ.क्यू. जनरल आईटममा मोटरसाइकल समावेश गरी भुक्तानी दिएको रु.२,३०,०००।- नियमित देखिएन ।

१३. **कन्टिन्जेन्सी खर्च** : आयोजनागत कन्टिन्जेन्सीको अभिलेख राखी तोकिएको सीमा भित्र रही कन्टिन्जेन्सी खर्च लेख्नुपर्नेमा यस वर्ष विद्युत रोयाल्टी वापत निकासा भएको रु.१,३३,५२,००० को ४ प्रतिशतले हुने रु.५,४६,२०४ कन्टिन्जेन्सी कट्टा गरेको समेत रु.३५,७९,५३९ खर्च लेखेको छ । बाँकी रकम रु.९७,७२,४६१।- फ्रिज नहुने खाता नं. ग २ (१) मा ट्रान्फर गरेको देखियो । खर्च नभई ट्रान्सफर गरेको रकमको कन्टीजेन्सी खर्च रु.५,४६,२०४।- लेख्नु नियमसम्मत देखिएन।

१४. **विद्युत रोयल्टी खर्च** : विद्युत रोयल्टी वापत प्राप्त हुने रकम जिल्ला परिषदवाट विनियोजन गरी विद्युतीकरण सम्बन्धि काममा खर्च गर्नु पर्नेमा संविधान प्रचार प्रसार, स्पोर्टस क्लवलाई अनुदान, राजनैतिक दल तथा तीनका भातृ संगठनहरुलाई अनुदान, गणतन्त्र दिवस समारोह लगायत असम्बन्धित कार्यक्रममा रु.१३८००० खर्च गरेको देखिन्छ। उपलब्ध श्रोतलाई अधिकतम उपलब्धि हुने गरी विनियोजन गर्ने र सोही बमोजिम खर्च गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

१५. **सामाजिक सुरक्षा कार्यक्रम** : सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६९ मा प्रत्येक चौमासिकमा भुक्तानी गरेको रकमको भरपाई जिल्ला विकास समितिमा पठाउनु पर्ने, रकम

निकासा दिंदा अघिल्लो किस्ताको रकमबाट भुक्तानी गर्न बाँकी रहेको रकम कटाएर मात्र निकासा दिनुपर्ने उल्लेख छ । सामाजिक सुरक्षा कार्यक्रमवाट सुविधा प्राप्त गर्ने व्यक्तिहरुको लगत अद्यावधिक नगरेको, गाउँ विकास समिति र नगरपालिकाबाट प्राप्त विवरणको आधारमा समितिले सामाजिक सुरक्षा भत्ताको लागि बजेट माग गरी सम्वन्धित गाउँ विकास समिति र नगरपालिकामा पठाउने गरेको पाईयो । यसरी निकासा दिएको मध्ये गाविस तथा नगरपालिकावाट वितरण पश्चात बाँकी रहेको रु.१,३९,०१,८४६।- फिर्ता प्राप्त भएको देखिन्छ । यसरी ठूलो रकम फिर्ता हुनुले सुविधा प्राप्त गर्ने व्यक्तिहरुको भरपर्दो लगत तथा तथ्यांक वेगर रकम माग गर्ने र त्यसलाई जांच नगरी निकासा दिएको देखिन्छ । यसका अतिरिक्त निकासा एवं खर्च नभई जि.वि.स. कै खातामा बाँकी रहेको रकम रु.१३,३२,८००।- सञ्चितकोषमा दाखिला हुनुपर्दछ ।

१५.१ बालसंरक्षण अनुदान वितरण गर्नको लागि उमेरको गणना गर्दा कुनै बालबालिका कुनै महिनाको पन्ध्र गते सम्ममा पाँच वर्ष पूरा हुने भए सो महिनासम्मको पूरै र सोह्र गते भन्दापछि पाँच बर्ष (साठी महिना) पूरा हुने भए सो महिनादेखि रकम वितरण नगर्ने व्यवस्था छ । सामाजिक सुरक्षावापतको ५ वर्ष मुनिका दलित बालबालिका चौमासिक रुपमा वितरण गरिने रकम समयमै नपठाई २०७३।३।१५ मा मात्र गा.वि.स. र नगरपालिकालाई रु.१,१४,९४,८००।- पेश्की दिएको छ । लेखापरीक्षण अवधिसम्म पनि वितरण गरेको भर्पाई प्राप्त गरी फछ्र्यौट गरेको छैन । बालबालिकाको नाम र जन्म मिति सहितको परिचयपत्र अद्यावधिक अभिलेख बेगर गाविस तथा नगरपालिकालाई रकम निकासा दिने गरेको छ। कार्यविधि बमोजिम नाम र जन्म मिति सहितको अभिलेख तयार गरी निकासा तथा खर्च गर्ने गराउने तर्फ ध्यान जानु पर्ने देखियो ।

१५.२ कार्यविधिको दफा १९ (५) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी अभिलेख जिल्ला विकास समितिको वेभसाइटमा राख्ने व्यवस्था भएकोमा कार्यालयले वितरण गरेको भरपाईको आधारमा मूल अभिलेख तयार एवं अद्यावधिक नगरीकनै भत्ता वितरण गरेको पाइयो । कार्यविधिको दफा १३ (६) क मा भत्ता वितरण गर्दा वडा नागरिक मञ्च तथा स्थानीय राजनैतिक दल एवं समुदायमा आधारित संघ संस्थाका प्रतिनिधिको रोहवरमा वितरण गरेको मुचुल्का समेत तयार गरी राख्ने व्यवस्था भएपनि मुचुल्का तयार गरेको छैन । वितरणको यर्थाथता पुष्टी हुने गरी भरपाई प्राप्त गरी कार्यविधिले तोकेबमोजिम भत्ता वितरण गर्नु पर्दछ ।

१६. **बढी भुक्तानी** : कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित तलवी प्रतिवेदनमा उल्लेख भए भन्दा बढी दरमा ४ कर्मचारीलाई रु.४,६०० भुक्तानी भएको रकम असूल हुनु पर्दछ ।

१७. **अन्य प्रयोजनमा खर्च** : विनियोजित बजेटको मितव्ययी प्रयोग गर्नुपर्नेमा जि.वि.स. अनुदानतर्फ प्रयोजन नखुलाई अन्य कार्यालयका कर्मचारीहरुलाई दैनिक भ्रमण भत्ता दिएको देखिन्छ ।

| **क्र.सं.** | **कार्यालयका नाम** | **कर्मचारी संख्या** | **रकम** |
|---|---|---|---|
| १. | जि.वि.स. | २७ जना | ५,३५,२०१।०० |
| २. | जिल्ला प्राविधीक कार्यालय | १७ जना | ६,३४,३८५।०० |
| ३. | जिल्ला राष्ट्रिय अनुसन्धान कार्यालय | ६ जना | ६१,१५०।०० |
| ४. | जिल्ला प्रशासन कार्यालय | १३ जना | ९६,०८०।०० |
| ५. | को.ले.नि.का. | ६ जना | ४७,३००।०० |
| | | जम्मा | **१३,७४,११६।००** |

समितिले भ्रमण अभिलेख नराखी एबं प्रयोजन बेगर अन्य पदाधिकारीलाई दैनिक भ्रमण भत्ता भुक्तानी गर्ने प्रक्रिया बन्द गर्नुपर्दछ ।

१८. **मापदण्ड भन्दा बढी भुक्तानी :** अर्थ मन्त्रालयबाट जारी खर्चको मापदण्डमा दैनिक खाने बस्ने खर्च बापत जिल्ला भित्र २१ कार्यदिन सम्मको तालीमका लागी प्रति सहभागी प्रति दिन रु.४५०।०० का दरले सहभागी भत्ता दिनु पर्ने व्यवस्था छ। पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रमको १० दिने ग्रामीण मर्मत सम्भार कार्यकर्ता तालिममा ३० जना सहभागीलाई प्रति सहभागी रु.५००।- का दरले १० दिनको रु.५०००।- ले भुक्तानी दिइएकोले प्रति दिन रु५०।- का दरले ३० सहभागीको १० दिनको रु.१५,०००।- र सार्वजनिक यातायात नचल्ने स्थानमा आतेजाते गरी दुई दिनभन्दा बढि जतिसुकै दिन भए पनि रु.५००।- एकमुष्ट पाउने व्यवस्था भएकोमा समितिले २३ जना सहभागीलाई प्रति सहभागी रु.१०००।- का दरले रु.२३०००।- ले भुक्तानी दिइएकोले बढि भुक्तानी रु.११५००।- समेत रु.२६५००।- असूल गरी दाखिला गर्नुपर्दछ।

सोही मापदण्डमा सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालीममा सोही कार्यालयको श्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने र बाहिरी श्रोत व्यक्तिको हकमा ३० कार्यदिनसम्म प्रति दिन मुख्य प्रशिक्षकलाई रु.५००।- र सहायक प्रशिक्षकलाई रु.३७५।- दिने व्यवस्था छ। समितिले आयोजना गरेको १० दिने ग्रामीण मर्मत सम्भार कार्यकर्ता तालीममा प्रशिक्षण भत्ता वापत रु.२४,६००।- भुक्तानी दिइएको देखिन्छ। मापदण्डको व्यवस्था भन्दा रु.१५,८५०।- बढि भुक्तानी दिएको रकम असूल गरी दाखिला गर्नुपर्दछ।

१९. **योजना छनौट :** निर्वाचन क्षेत्र पूर्वाधार विषेश कार्यक्रम(सञ्चालन कार्यविधि) नियमावली, २०७१ को नियम ५ मा कार्यक्रम निर्देशन तथा व्यवस्थापन समितिले कार्यान्वयन तालिका बनाई जिम्मेवारी तोकी जिल्ला विकास समितिको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ। तर व्यवस्थापन समितिले सोअनुसार कार्यान्वयन तालिका नबनाई साधारण लेटर प्याडमा योजनाहरुको सूची उल्लेख गरी जि.वि.स.मा पेश गरेर योजना कार्यान्वयन गरेको देखिन्छ।

१९.१ नियमावलीको नियम ५.११ बमोजिम कार्यक्रम छनौट गर्दा एक आर्थिक वर्षमा रु.७ लाखभन्दा कम लागत भएका बढीमा १५ कार्यक्रम छनौट गर्न सकिने व्यवस्था छ। तर कार्यान्वयन समितिले जिल्लाको विभिन्न क्षेत्र समेटिएको पचास हजारदेखि एक लाखसम्मका टुक्रे कार्यक्रमलाई संयोजन गरी सात लाख भन्दा बढीको योजना बनाउने गरेको देखिन्छ। साथै कार्यान्वयन समितिको बैठकले छनौट गरी पेश गरेको योजनाहरुमा केरमेट र थपथाप गर्ने गरेको देखिन्छ। उदाहरणः क्याम्पस तथा विद्यालय पुर्वाधार निर्माण आयोजना निर्वाचन क्षेत्र नं.१ तर्फ को योजनामा फरक फरक स्थानका १० विद्यालय समेटेर कार्यक्रम सञ्चालन गरेको देखियो। जसमा ७ लाख भन्दा कम रकमको योजना पनि छनौट गरेको देखिन्छ।

क्याम्पस तथा विद्यालय पूर्वाधार निर्माण आयोजना अर्न्तगत जनता सुर्दशन उ.मा.वि. को निर्माणतर्फ बिल पेश नगरी रु.१,३८,०८५।७४ भुक्तानी गरेकोले असूल गर्नुपर्दछ।

१९.२ निर्वाचन क्षेत्र विकास कार्यक्रम(सञ्चालन कार्यविधि) नियमावली २०५८ को नियम ३ मा पचास हजार रुपैया भन्दा बढी लागत भएका कार्यक्रमको कार्यान्वयन तालीका, लागत अनुमान, सम्झौता र लागत अनुमानको २० प्रतिशत जनसहभागिता जुटाउने गरी सम्बन्धित जिल्ला विकास समितिको कार्यालयमा पेश गर्नुपर्ने ब्यवस्था छ। सांसद विकास कोष ( समानुपातिक) अर्न्तगत योजनामा सासंद र रेडियो दिदी बहिनी नामक उपभोक्ता समितिबीच सम्झौता नभएको, लागत अनुमान नबनाई २ वटा मात्र फर्मबाट मूल्यसूची माग गरी रु.३ लाखका फर्निचर र ईक्वीपमेन्ट खरिद गरेकोले खरिद कार्य मितव्ययी नभएको, जनसहभागिताको रकम कट्टी नगरेको, सासंदको सिफारिस बिना भुक्तानी गरेको देखिन्छ। त्यस्तै प्रक्रिया नपुऱ्याई

क्षेत्र नं. १ तर्फ होमस्टे घरवार प्रर्वद्धन योजना अर्न्तगत रु.१ लाख पचास हजारको ६० वटा कुर्सी र १५ वटा टेवल खरिद गरी ५ वटा होमस्टेमा बाँडेको देखिंदा कार्यविधिको पालना गरी खर्च गर्नुपर्दछ ।

२०. **केन्द्रीय कार्यक्रमतर्फको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ (३) अनुसार पेश्की रकमको फाँटवारी पेश गरी फछ्र्यौट गर्नु गराउनपर्ने व्यवस्था छ । यस वर्षको १६ कार्यकम को पेश्की रु.**६,३७,९१,५०१**।- बाँकी रहेकोले प्रचलित कानुनको व्यवस्था अनुसार फछ्र्यौट हुनुपर्दछ ।

## जिल्ला विकास कोष

समितिको गतबर्षको मौज्दात समेत रु.३१ करोड ६२ लाख ३५ हजार आय र रु.२४ करोड ७६ लाख ६८ हजार खर्च भएको छ । विस्तृत विवरण अनुसूची ३ मा समाबेस छ ।

२१. **आय प्रक्षेपण :** आर्थिक वर्ष २०७२।७३ को लागि स्थानीय कर, सेवा शुल्क, दस्तुर, बिक्री तथा भाडावाट रु.१,३८,१२,२८५।- आम्दानी हुने अनुमान गरेकोमा रु.१,०६,३१,८२८।- भएको देखिन्छ । अनुमानको तुलनामा ७७ प्रतिशत मात्र आय आर्जन गरेको छ । श्रोत नक्सांकन गरी आय प्रक्षेपण गर्ने प्रणालीको विकास गर्नुपर्दछ ।

२२. **धरौटी किस्तामा मिलान** : सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० को दफा ६ मा ठेक्का कबोल गर्ने व्यक्ति वा फर्मले आफूले कबोल गरेको रकमको ५ प्रतिशत रकम ठेक्का हुने कार्यालयमा दाखिला गर्नुपर्दछ। तर कार्यालयले ठेक्का कबोल गर्ने फर्मबाट धरौटी बापतको रकम छनौट भएका फर्महरुले तिर्नुपर्ने पहिलो किस्ताबाट बुझाउन सहुलियत दिएको देखिन्छ । कानुनको व्यवस्था कार्यान्वयनमा ध्यान दिनुपर्दछ ।

२३. **परिमाण नियन्त्रण व्यवस्था** : जिल्लास्थित विभिन्न क्षेत्रको ढुंगा, गिट्टी, बालुवाको कर संकलन तर्फ सम्झौतामा प्रति क्युफिट रु.४।५० का दरले ठेकेदारले संकलन गर्ने, ठेकेदारले आय संकलन गर्दा दिइने भरपाई रसिद जिल्ला विकास समितिबाट प्रमाणित गराई प्रयोग गर्नुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिले सूचना एवं बोलपत्र सम्वन्धी कागजातमा विभिन्न क्षेत्रबाट उठाउन पाउने ढुंगा, गिट्टी, बालुवाको परिमाणको हद प्रारम्भिक वातावरणीय जांच प्रतिवेदनले तोकेको भए तापनि त्यसलाई नियन्त्रण गर्ने विधिको आधारमा तथ्यगत विवरणहरु तयार गरेको देखिदैन।

व्यवस्थापिका संसदको प्राकृतिक श्रोत र साधन समितिको अध्ययन प्रतिवेदन, २०६६ ले ढुंगा, गिट्टी, बालुवा, ग्राभेल संकलन गरी तोकिएको स्थानमा घाटगद्दी गर्ने, सम्वन्धित निकायले नापजांच नगरी ती बस्तुहरु लैजान नपाउने व्यवस्था गर्ने, ती सामानहरुको बजार मूल्य भन्दा निकै कम दरमा ठेक्कापट्टाहरु भइरहेकोले बजार मूल्य अनुसार दरहरु परिमार्जन गर्ने, ठेक्का लगाउदा निश्चित परिमाण क्षेत्र तोकी सो को अनुगमन गर्ने लगायतका निर्देशनहरु दिएको भएपनि उत्खनन् भएको परिमाण र सो वापतको कर रकम खुल्ने अभिलेख समितिले राख्ने नगरेको एवं ठेकेदारले जिविसबाट प्रमाणित गराई प्रयोग गर्नुपर्ने रसिदको अर्धकट्टी कार्यालयमा फिर्ता समेत नगरेको हुँदा वर्षभरिमा उठाएको ढुंगा, गिट्टी, बालुवाको जम्मा परिमाण र सो वापत ठेकेदारले असूल गरेको कर रकम यकिन हुन सकेन । यसप्रकारको ठेक्का बन्दोबस्तले अनियन्त्रितरुपमा प्राकृतिक श्रोत साधनको दोहन हुने हुँदा प्रभावकारी नियन्त्रण प्रणाली स्थापित गरेर मात्र ठेक्का बन्दोबस्त गर्नुपर्दछ ।

२४. **बक्यौता** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १७२ मा बक्यौता रकम असूल गर्न बक्यौता असूली कार्ययोजना बनाई रकम असूल उपर गर्नुपर्ने, स्थानीय प्रशासन, प्रहरी, नागरिक समाज वा अन्य व्यक्तिको समेत सहयोग लिनसक्ने र सो प्रक्रियाबाट पनि असूल हुन नसकेमा सरकारी बाँकी सरह रकम असूल गर्नुपर्ने व्यवस्था छ। २०५४।५५ देखि २०७१।७२ सम्मको बक्यौता रु.४७,०५,९८८/- र यो बर्षको रु.४,८७,०००/- समेत रु.५१,९२,९८८ बक्यौता रहेको देखिन्छ। समयमा तिर्नु बुझाउनु पर्ने रकम नतिर्नेवाट सम्झौताको शर्त अनुसार जरिवाना समेत गणना गरी असूल गर्नु पर्दछ।

२५. **व्याज असूल नगरेको:** रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० को दफा २७ मा कुनै ठेकेदारले आफुले कबुलियत बमोजिम किस्ता रकम नबुझाएमा ठेकेदारबाट लिनु पर्ने बाँकी र त्यसको १० प्रतिशत सूद समेत सो ठेकेदारले राखेको डिपोजिटबाट असूल गर्नुपर्ने ब्यवस्था छ। समितिले ३ ठेक्कामा ३ फर्महरुबाट ढिला किस्ता बुझाए बापत रु.२,७४,६२१।- असूल गर्नुपर्ने जरिवाना असूल गरेको पाइएन।

२६. **मालपोत:** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१५ (ग) वमोजिम गा.वि.स. र न.पा. ले आम्दानी गरेको मालपोत रकमको २५ प्रतिशत रकम जि.वि.स.मा पठाउने व्यवस्था छ। सो व्यवस्था वमोजिम आ.व. २०७२।७३ मा ४७ गाविस मध्ये १९ गाविसले २५ प्रतिशत बापत रु.१,९९,६६७।६८ दाखिला गरेका छन्। २८ गाविस र कुश्मा नगरपालिकाले कुनै रकम दाखिला गरेका छैनन्। सवै गाविस र नगरपालिकाले असूल गरेको रकम यकिन गरी सोको २५ प्रतिशतले हुने रकम असूल गर्नुपर्दछ।

२७. **प्रशासनिक खर्च** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम **५५** मा जिल्ला विकास समितिले कर, शुल्क, सेवा शुल्क, दस्तूर र भाडावाट उठाएको कूल रकमको वार्षिक रु.१ करोड भन्दा बढी वार्षिक आय हुने जिल्ला विकास समितिले २५ प्रतिशतसम्म प्रशासनिक कामको लागि खर्च गर्न पाउने व्यवस्था छ। जिल्ला विकास समितिले यस वर्ष कर दस्तूर, सेवा शूल्क भाडा आदिबाट भएको असूली रु.१,०४,२९,९६०।०० को २५ प्रतिशतले हुने रु.२६,०७,४९०।०० सम्म मात्र प्रशासनिक खर्च गर्न सक्नेमा रु.३२,०४,१०४।०० खर्च गरेकोले नियममा तोकिएको सीमाभन्दा रु.५,९६,६१४।०० बढी खर्च गरेको छ। सीमा नाघी खर्च गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ।

२८. **कर्मचारी कल्याण कोष** : स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २६५ (१) मा कर्मचारी कल्याण कोषमा स्थानीय निकायले प्रत्येक वर्ष कम्तीमा आफ्नो कार्यालयलाई आवश्यक पर्ने एक महिनाको तलव वरावरको रकम जम्मा गर्नुपर्ने व्यवस्था छ। कार्यालयलाई आवश्यक पर्ने एकमहिनाको तलव रु.४,२५,४८४।०० रहेतापनी कल्याणकारी कोषमा यो वर्ष जिविस अनुदानबाट रु.५५,४०,१६८।७० जम्मा गरेको देखिएकोले बढी जम्मा गरेकोले रु.५१,१४,६८४।७० हिसाब मिलान गर्नुपर्दछ।

२९. **दोहोरो खर्च** : कन्टेन्जेन्सी खर्च बाट ४ कर्मचारीहरुलाई दोहोरो भ्रमण भत्ता भुक्तानी गरेको रु.१६,००० असूल हुनु पर्ने देखिएको छ।

३०. **कोषतर्फको पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ (३) अनुसार पेश्की रकमको फांटवारी पेश गरी फछ्र्यौट गर्नु गराउनपर्ने व्यवस्था छ। कार्यालयबाट पेश भएको विवरण अनुसार जिल्ला विकास समिति कोषतर्फको यस वर्षको बांकी पेश्की रु.**३८,३५,१७०।००** रहेको छ। नियमानुसार पेश्की फछ्र्यौट गर्नुपर्दछ।

३१. **धरौटी** : विभिन्न पार्टीहरुवाट प्रयोजन सम्पन्न भई सके पछि फिर्ता गर्नुपर्ने गरी प्राप्त हुने धरौटी श्रेस्ता अनुसार रु.९८,१३,३९५।९१ बाकी देखिएको छ । तर धरौटी रहेको बैंक खातामा रु.८७,५४,०८९।९१ मात्र रहेको देखिन्छ । अन्य पक्ष प्रति दायित्व रहने यस किसिमको रकम श्रेस्तामा भन्दा बैंकमा कम देखिएको रु.१०,५९,३०६।०० सम्वन्धमा आवश्यक छानवीन गरी हिसाव यकिन गर्नुपर्दछ । साथै बाँकी रहेका धरौटी रकमहरुको प्रयोजन समाप्त भए नभएको यकिन गरी फरफारक गर्ने गर्न पहल गर्नु पर्दछ ।

३२. **स्थानीय निकायको लेखापरीक्षण** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ६९ र १३५ बमोजिम स्थानीय निकायको आर्थिक वर्ष २०७२।७३ को लेखापरीक्षण गर्नु पर्ने एक नगरपालिका र ४७ गाउँ विकास समितिमध्ये एक नगरपालिकाको दर्तावाल लेखापरीक्षकवाट लेखापरीक्षण सम्पन्न भई २०७३।६।३ मा प्रतिवेदन दिएको देखिन्छ । ४७ गाउँ विकास समितिको लागि २०७२ पौष १८ गते सिफारश समितिको बैठक बसी लेखापरीक्षक नियुक्त गर्ने निर्णय भएको छ । निर्णय बमेजिम ४७ गा.वि.स.का लागि १८ लेखापरीक्षक नियुक्त भएपनि ६ जना नियुक्ती बुझेको देखिंदैन । नियुक्त लेखापरीक्षकहरुसंग २०७३।१०।१० मा भएको छलफलवाट दुई लेखापरीक्षक बहालवाला कर्मचारी रहेको उल्लेख गरेका छन् । कार्यविधि बमोजिम बहालमा रहेकालाई लेखापरीक्षक नियुक्त गर्न नमिल्ने भएकोले आवश्यक सुधार गर्नु पर्दछ । २०७३ माघ १५ सम्म कुनै पनि गा.वि.स.को २०७२।७३ को लेखापरीक्षण सम्पन्न भएको छैन । समयमै आन्तरिक र अन्तिम लेखापरीक्षण सम्पन्न गर्न पहल गर्नुपर्दछ ।

## जिल्ला स्वास्थ्य कार्यालय

१. **कारोवारको लेखा** : आर्थिक कार्यविधि नियमावली बमोजिम स्वीकृत ढाँचामा लेखा राख्दा उक्त लेखासँग भिड्ने आवश्यक प्रमाणित कागजातहरु व्यवस्थित तरिकाले राख्नुपर्नेमा लेखासँग भिड्ने आवश्यक प्रमाणित कागजात एबं कार्यक्रमगत खाता समेत राखेको छैन । कार्यक्रमगत खर्च र बाँकी तथा एक कार्यक्रमको खर्च अर्को कार्यक्रमबाट लेखे नलेखेको यकिन गर्न सक्ने अवस्था नरहेकोले सबै कार्यक्रमको अद्यावधिक कार्यक्रमगत खाता राखी खर्च गर्नुपर्दछ ।

२. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । मालसामान खरिद गर्दा स्पेशिफिकेशन तयार नगरेको, बजेट तथा कार्यक्रम बीच समन्वय हुने गरी निर्धारण नगरेको, चौमासिक समयभित्र कार्य सम्पादन नगरेको, जिन्सी निरीक्षण नगरेको, तालुक निकायबाट निरीक्षण भए तापनि निरीक्षण र देखिएका व्यहोरा र सो मा भएका सुधारको विवरण तयार नगरेको, कार्यालयको लक्ष्य हासिल गर्न वाधा पुराउन सक्ने जोखिम पहिचान, विश्लेषण तथा आंकलन गर्ने र समाधानकालागि आवश्यक संयन्त्र वनाउने प्रणाली नभएको, कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी नतोकिएको, कार्यविवरण दिएको नदेखिएको, सवै कर्मचारीहरुको स्थायी लेखा नम्वर लिई पारिश्रमिक करका काट्ने व्यवस्था नगरेको, जिन्सी खातामा रहेका कतिपय सामानहरुको मूल्य नखुलाई आम्दानी बाँधेको, कर्मचारीको नाममा भ्रमण खर्चको अभिलेख नराखेको, वार्षिक खरिद योजना तयार नगरेको एवं तलबी प्रतिवेदन पारित नगराई रु.३,४६,६५२।- तलब खर्च लेखेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नु पर्दछ ।

३. **लक्ष्य प्रगति** : कार्यालयले तोकिएका कार्यक्रमहरु तोकिएको समय र वजेटको परिधी भित्र रही लक्ष्य अनुसार प्रगति हासिल गर्ने तथा भौतिक प्रगति र वित्तीय प्रगति बीच तालमेल हुनुपर्नेमा भएको छैन । ६ कार्यक्रममा शून्य र ४ कार्यक्रमा ५० प्रतिशत वा सो भन्दा कम प्रगति हासिल भएको देखिन्छ । यस सम्वन्धमा बैदेशिक श्रोत तर्फको बजेटको फुकुवा ढिलो प्राप्त भएकोले

अपेक्षित लक्ष्य प्राप्त गर्न नसकिएको कार्यालयले उल्लेख गरेपनि तालुक निकायसंग समन्वय गरेर लक्षित कार्य समयमा नै सम्पादन गर्नुपर्दछ ।

४. **चौमासिक खर्च :** स्वीकृत बार्षिक कार्यक्रम वमोजिम तोकिएको चौमासिकमा तोकिएका कार्यक्रम सञ्चालन गर्न वजेट व्यवस्था भए बमोजिम सोही चौमासिकमा कार्यक्रम सञ्चालन गरी खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले सो अनुसार कार्यक्रम सञ्चालन गरी खर्च गर्न सकेको देखिएन । पूँजीगत खर्च तर्फ पहिलो चौमासिकमा कूल खर्चको शुन्य प्रतिशत, दोश्रो चौमासिकमा कूल खर्चको ४ प्रतिशत र तेश्रो चौमासिकमा ९६ प्रतिशत खर्च भएको छ । तोकिएका कार्यक्रम समयमा सम्पन्न गर्नु पर्दछ ।

५ **बढी भुक्तानी :** भुक्तानी गर्दा प्रचलित कानुनको रीत पुऱ्याई भुक्तानी दिनुपर्नेमा तलबी प्रतिवेदनमा उल्लिखित ग्रेडभन्दा बढी दरले ११ जनाको रु.३२,६००।-, भ्रमण भत्ता र बैठक भत्तामा पाउनेभन्दा बढी रु.१८,७००।-, आफ्नै कार्यालयमा सञ्चालित कार्यक्रममा पनि यातायात खर्च लेखेको रु.१४,५००।-, सट्टा बिदा लिएको दिन र हाजिरी रेकर्डभन्दा बढी भुक्तानी भएको रु.२३,९७१।- समेत रु.८९,७७१।- असूल गर्नुपर्दछ ।

६ **अग्रिम कर :** आयकर ऐन, २०५८ बमोजिम कार्यालयले विभिन्न भौचरबाट गरेको भुक्तानीमा नियमानुसार अग्रिम कर कट्टी नगरेकाले रु.३,९९८।- असूल गरी राजश्वमा दाखिला गर्नुपर्दछ ।

७. **औषधि खरिद :** आर्थिक कार्यविधि ऐनको दफा १४ मा बोलपत्र आव्हानको सूचना राष्ट्रिय स्तरको दैनिक समाचारपत्रमा प्रकाशन गर्नुपर्ने उल्लेख छ । कार्यालयले मिति २०७२।१०।१ गते स्थानीय पत्रिका हिमदुत दैनिकमा औषधी खरिद गर्नसूचना आव्हान गरेकोमा १० थान बोलपत्र फाराम विक्री भई ३ थान दर्ता भएको मध्ये एक इन्टरनेश्नलले खाली बोलपत्र फाराम दर्ता गरेको, रामलक्ष्मण फार्मेसी, पोखराले आपूर्तक देशको नाम नखुलाएको र कुनै बोलपत्रदाताले औषधि उत्पादक कम्पनिहरुको जि.एम.पी. प्रमाणपत्र बेगर नै रु.३०,४९,८२७।०० को औषधी खरिद गरेको देखियो । कानुनी रीत पुरयाई खरिद कार्य गर्नुपर्दछ ।

८. **कार्यक्रम विपरीत खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ मा स्वीकृत वजेटको अधिनमा रही स्वीकृत कार्यक्रमको आधारमा खर्च गर्न सक्ने उल्लेख छ । यो वर्ष वर्थिङ सेन्टरहरुमा २४ घण्टे प्रसुती सेवाको लागी १४ जना अ.न.मी लाई प्रति महिना रु.१६,०००।०० पारिश्रमिक दिन रु.२६,८८,०००।०० रकम व्यवस्था भएकोमा कार्यालयले सम्वन्धित अ.न.मी.ले कवोल गरेको दरवाट भुक्तानी गर्दा २०७२।९।१ देखि २०७२।३।३१ सम्मको लागि रु.१४,६६,४३०।०० मात्र खर्च गर्नुपर्नेमा रु.१९,५४,०००।०० खर्च गरेकोले स्वीकृत कार्यक्रम भन्दा रु.४८७५७०।०० वढी खर्च भएकोछ । त्यस्तै, स्वीकृत खोप कार्यक्रममा यो वर्ष अहेव/अनमी ४ जना नियुक्ती गर्न रु.२,८८,०००।०० स्वीकृत भएकोमा कार्यालयले २०७२।९।१ देखि लागु हुने गरी २ जना अ.न.मी. प्रति महिना रु.४,००० र २ जना अ.हे.व. प्रति महिना रु.४,५००।०० का दरले ७ महिनाको लागि मात्र नियुक्ति गरेकोले रु.१,१९,०००।०० मात्र खर्च गर्नुपर्नेमा रु.२,८८,०००।०० खर्च गरेकोले स्वीकृत कार्यक्रम भन्दा वढी खर्च गरेको रु.१,६९,०००।०० नियमसम्मत देखिएन ।

९. **औषधि तथा उपकरणको आवश्यकता :** वर्षभरिमा प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, उप स्वास्थ्य चौकी एवं पटके शिविरको लागि सूचीकृत भएका अत्यावश्यक औषधी तथा उपकरण, तालुक कार्यालयबाट प्राप्त हुने परिमाण तथा मातहतका कार्यालयबाट प्राप्त माग समेतलाई आधारमानि औषधी तथा उपकरण्को आवश्यकता पहिचान तथा निर्धारण गरिनुपर्दछ । कार्यालयले औषधी खरिद गर्दा उल्लेखित विवरण तयार नगरी गत वर्षको खर्च परिमाण मात्रलाई ध्यान दिई खरिद गरेको तथा मातहतका स्वास्थ्य संस्थाहरुलाई हस्तान्तरण गर्दा सम्बन्धित स्वास्थ्य

संस्थाहरुबाट प्राप्त माग फारम संलग्न राखेको छैन । तालुक निकायबाट प्राप्त हुने औषधी तथा मातहतका स्वास्थ्य संस्थाहरुबाट प्राप्त हुने मागलाई आधार मानि औषधी तथा उपकरणको आवश्यकता पहिचान गरी खरिद गरिनु पर्दछ ।

१०. **बढी भुक्तानी :** आमा सुरक्षा कार्यक्रम कार्यविधि निर्देशिका, २०६५ बमोजिम ४ पटक गर्भवति सेवा लिई स्वास्थ्य संस्थामा प्रसुति गराए वापत प्रति सेवाग्राही महिलालाई रु.४००।०० र यातायात खर्च वापत रु.१०००।०० मातहतका संस्थाहरुलाई उपलब्ध गराउने व्यवस्था बमोजिम कार्यालयले पेश गरेको वर्थिङ्ग सेन्टरहरुबाट भएको प्रसूतिसम्बन्धी बार्षिक प्रतिवेदन र सेवाग्राहीले आमा सुरक्षा कार्यक्रमको अनुसुचि-३ बमोजिमको फारममा तथा रकम बुझेको भरपाई समेतको आधारमा रु.२२,३३,६००।०० मात्र खर्च लेख्नुपर्नेमा रु.२४,११,०००।०० खर्च लेखेकोले बढि खर्च लेखेको रु.१,७७,४००।०० असूल गर्नुपर्ने देखियो ।

११. **खरिद :** सार्वजनिक खरिद नियममावली, २०६४ को नियम ८४ मा रु.१० लाख रुपैया भन्दा वढीको मालसमान खरिद गर्दा वोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष विभिन्न बजेट उपशिर्षकहरुबाट रु.६६,४४,०००।०० को औषधी र अन्य सामाग्री खरिद गरेको छ । खरिद गरेको औषधी मध्ये बोलपत्रबाट रु.३०,४९,८२७०० (४५.९० प्रतिशत), सिलबन्दी दरभाउपत्रबाट रु.१२,३५,१८९।-(१८.६० प्रतिशत) र विभिन्न फर्महरुवाट पटक पटक गरी रु.२३,५८,९८४ (३५.५० प्रतिशतको सोझै खरिद गरेको छ । खरिद योजना बनाई प्रतिष्पर्धात्मक तरिकावाट खरिद गर्नु पर्दछ ।

१२. **खर्चको प्रमाण :** परिवार स्वास्थ्य कार्यक्रम सञ्चालन निर्देशिका अनुसार जिल्ला अस्पताल र स्वास्थ्य संस्थाहरुमा प्रसुती हुने सुत्केरी तथा नवजात शिशुलाई स्वीकृत कार्यक्रमअनुसार १,२५० सेट न्यानो झोला वितरणका लागि रु.९००।०० का दरले रु.११,२५,०००।०० खर्च गर्न अख्तियारी प्राप्त भएकोमा एक उद्योगबाट प्रति थान रु.७९१।०० का दरले ९०० थानको रु.७,११,९००।०० मा खरिद गरेकोमा उक्त शिर्षकमा रु.१०,०९,०००।०० खर्च जनाएकोले बढी भएको खर्च रु.२,९७,१००।०० सम्बन्धमा प्रमाण पेश गर्नुपर्दछ ।

१३ **निशुल्क औषधि** : नेपाल सरकारले नि:शुल्क वितरण गर्ने भनी तोकेका औषधिहरुमा “नि:शुल्क वितरणका लागि” उल्लेख हुनुपर्ने व्यवस्था छ । निरीक्षणको क्रममा विभाग वा क्षेत्रवाट प्राप्त भएको औषधिमा सो प्रावधान बमोजिम निशुल्क वितरणकालागि भन्ने उल्लेख भएको देखिएन । निर्देशिकाको परिपालना हुनुपर्दछ ।

१४. **औषधिको म्याद** : स्वास्थ्य केन्द्र तथा चौकीहरुले म्याद सकिनु अगावै प्रयोग गर्ने गरी औषधी व्यवस्थापन गर्नुपर्नेमा यो वर्ष केन्द्र तथा क्षेत्रवाट प्राप्त भएका औषधिहरु मध्ये म्याद गुज्रेका ६ प्रकारका औषधि २०७२।११।२१ मा, १५ प्रकारका औषधि २०७२।८।२४ मा र ५ प्रकारका औषधि २०७३।९।२१ मा नष्ट गरेको देखिन्छ । जनतालाई आवश्यक पर्ने औषिधिहरु समयमै प्रयोग हुने व्यवस्था मिलाउनुपर्दछ ।

१५. **खर्चको पुष्टाई** : बिनियोजित बजेटबाट खर्च गर्दा बिल भरपाई संलग्न गर्नुपर्नेमा खर्चलाई पुष्टाई गर्ने प्रमाण र आधार बेगर जिल्ला अस्पतालको गुणस्तर एवंम सेवा सुदृढीकरणमा रु.३२,००,०००।- खर्च भएकोमा अग्रिम करको भौचर पेश नभएको, भरपाई नभएको रु २३६३८८।- को खर्चलाई पुष्टी गर्ने प्रमाण र आधार पेश गर्नुपर्दछ ।

# जिल्ला शिक्षा कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । खरिद योजनालाई बजेट तथा कार्यक्रमसँग आबद्ध गरी चौमासिक लक्ष्यबमोजिम कार्य नभएको, जिन्सी निरीक्षण प्रतिवेदनअनुसार समयमै लिलाम नगरेको, कार्यालय निरीक्षणबाट देखिएका व्यहोरा र तत्पश्चात गरिएका सुधारहरुको अभिलेख नराखेको, कार्यालयको लक्ष्य हासिल गर्न बाधा पुऱ्याउन सक्ने जोखिम पहिचान, विश्लेषण तथा आंकलन गर्ने र समाधानकालागि आवश्यक संयन्त्र वनाउने प्रणाली नभएको, जिन्सी खातामा रहेका कतिपय सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, कार्यालयका विभिन्न कर्मचारीहरु भ्रमणमा जादाको अभिलेख आंशिक रुपमा मात्र राखिएको जस्ता व्यहोरा देखिएका छन् । ऐन नियममा तोकिएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **अख्तियारी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ (२) वमोजिम  स्वीकृत बार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी समयमै पठाउनुपर्नेमा शिक्षा विभागले रु.१,५०,२२,०००।०० को अख्तियारी २०७३ असारमा पठाएको देखिन्छ । समयमा अख्तियारी नपठाउँदा तोकिएको समयमा कार्यक्रम सञ्चालन नहुने तथा सेवा  प्रवाहमा असर पर्ने हुँदा विभागसँग समन्वय गरी समयमै अख्तियारी प्राप्त गर्नुपर्दछ

३. **लक्ष्य प्रगति :** तोकिएको समय र वजेटको परिधि भित्र रही लक्ष्य अनुसार प्रगति हासिल गर्नुपर्ने साथै भौतिक प्रगति र वित्तीय प्रगति बीच तालमेल हुनु पर्नेमा सो अनुसार गरेको देखिएन । विभिन्न ६ कार्यक्रममा ७५ प्रतिशत भन्दा कम भौतिक प्रगति देखिएकोले कार्यक्रम समयमा सम्पन्न गर्नु पर्दछ ।

४. **चौमासिक खर्च :** स्वीकृत बार्षिक कार्यक्रम वमोजिम तोकिएको चौमासिकमा तोकिएका कार्यक्रम सञ्चालन गर्न वजेट व्यवस्था भएकोले सोही चौमासिकमा कार्यक्रम सञ्चालन गरी खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयबाट पेश भएको विवरण अनुसार पूँजीगत खर्चतर्फ भएको सम्पूर्ण खर्च तेश्रो चौमासिकमा भएको छ । तोकिएका कार्यक्रम समयमा सम्पन्न गर्नु पर्दछ ।

५. **बढी भुक्तानी :** कार्यालयले विद्यालयहरुलाई चौमासिक निकासा दिंदा स्वीकृत दरबन्दीको आधारमा दोहोरो नपर्ने गरी निकासा दिनुपर्नेमा एक विद्यालयका २ शिक्षकलाई बढी ग्रेड रु.१,१६८।-, एक शिक्षकलाई ३४ दिनको दोहोरो तलब रु.३,३८६।- र अवकाश भइसकेका एक शिक्षकलाई तलब निकासा रु.२३,६६४।- समेत रु.२८,२१८।- बढी निकासा दिएको देखियो । त्यस्तै स्रोतव्यक्ति ६ को बढी ग्रेड खर्च लेखेको रु.४१,५२०।-, दैनिक भत्ता भुक्तानी अवधिको स्थानीय भत्ता रु.१२,०८९।- समेत रु.५३,६०९।- असूल गर्नुपर्दछ ।

६. **द्वन्द्व पीडित छात्रवृति :** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७२।०७३ को अनुसूची ३ नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्वन्धि कार्यविधि, २०६४ को १.२.२ मा  द्वन्द्व पीडित छात्रवृति प्राप्त गर्नेको उमेरहद १८ बर्ष तोकेको छ । एक उ.मा.वि.मा अध्ययनरत एक छात्रा (जन्ममिति २०५३।२।१ ) लाई उमेरको हद बढी भएको अवस्थामा समेत भुक्तानी गरेकोले रु.१६,००० असूल गर्नुपर्दछ ।

७. **विद्यार्थी संख्या भन्दा बढी भुक्तानी :** विद्यालयको फ्ल्यास रिर्पोटका आधारमा मात्र छात्रवृत्ति भुक्तानी गर्नुपर्नेमा लेखापरीक्षणको क्रममा १० उच्च मा.वि., १० मा.वि., १० नि.मा.वि र ४० प्रा.वि.हरुको छात्रवृति निकाशा र विद्यार्थीको संख्या भिडान गर्दा केही विद्यालयमा फ्ल्यास रिर्पोटको विद्यार्थी संख्या भन्दा बढिलाई भूक्तानी गरेको देखिएकोले रु.१,१०,१००।०० असूल उपर हुनुपर्दछ ।

८. **विद्यालयहरुको लेखापरीक्षण** : शिक्षा नियमावली, २०५९ को नियम १७१ को उपनियम ५ र नियम १७२ बमोजिम सामुदायिक विद्यालयहरूले लेखापरीक्षण प्रतिवेदन र वासलात नियमितरुपमा जिल्ला शिक्षा कार्यालयमा पठाउनु पर्ने व्यवस्था रहेकोमा जिल्लास्थित ३१० विद्यालयहरुको आ.व.२०७२/७३ को लेखापरीक्षणको प्रतिवेदन प्राप्त नभएकोले समयमै लेखापरीक्षण गराउनु पर्दछ।

९. **निःशुल्क पाठ्यपुस्तक** : शिक्षा विभागको कार्यक्रम कार्यान्वयन निर्देशिका २०७२।७३ बमोजिम प्रथम पटक निकासा गर्दा विद्यार्थी संख्याको ७५ प्रतिशतको हिसाबले निकासा दिनुपर्नेमा कार्यक्रममा उल्लेख भएका सबै रकम प्रथम पटक नै निकासा गरेको छ। पाठ्यपुस्तक तर्फ फ्ल्यास प्रतिवेदन पश्चात भर्ना भएका विद्यार्थीलाई विद्यालयले माग गरेको पत्रको आधारमा रु.२,७६,१३२ थप निकासा दिएको छ । केही विद्यालयहरुमा फ्ल्यास प्रतिवेदनको संख्या भन्दा बढी विद्यार्थीको लागी निकाशा गरेको रु.४८,३८८।५५ असूल गर्नुपर्दछ ।

१०. **अनुदान** : यो वर्ष एक पाठशालालाई रु.१६८,०००।०० र एक मदरसालाई रु.६७,०००।०० निकासा दिएकोमा कार्यक्रम कार्यान्वयन निर्देशिकामा तोकिएबमोजिमको विद्यार्थी संख्या नियमित रुपमा अध्ययनरत भए नभएको स्थलगत प्रतिवेदन लिएको देखिएन ।

११. **कार्यक्रम स्वीकृत** : वार्षिक कार्यक्रम तथा बजेटमा समावेश नगरी २०७३।२।१२ मा रु.४० लाखको पिक अप र होण्डा मोटरसाइकल खरिद गरेको देखिन्छ । वार्षिक कार्यक्रम र बजेटमा समावेश गरी प्रतिस्पर्धात्मक तरिकाले समयमै खरिद कार्य व्यवस्थापन गर्नुपर्दछ ।

१२. **कक्षा व्यवस्थापन** : अनौपचारिक शिक्षा तथा निरन्तर सिकाई कार्यक्रम कार्यान्वयन पुस्तिका २०७२ अनुसार प्रत्येक सामूदायिक अध्ययन केन्द्रलाई कक्षा व्यवस्थापन खर्च वापत प्रति केन्द्र रु.१०००।०० भूक्तानी दिनुपर्नेमा विभिन्न १९ सामुदायीक अध्ययन केन्द्रलाई रु.२५,०००।०० भूक्तानी गरेकोले बढी भूक्तानी गरेको रकम रु.६,०००।०० असूल गर्नु पर्दछ ।

अनौपचारिक शिक्षा तथा निरन्तर सिकाई कार्यक्रम कार्यान्वयन पुस्तिका २०७२ मा प्रत्येक सामुदायिक अध्ययन केन्द्रलाई सञ्चालन अनुदान प्रति केन्द्र रु.५०,०००।०० का दरले भुक्तानी गर्नु पर्नेमा कार्यालयले एक सामूदायीक केन्द्रलाई १,५०,०००।०० भूक्तानी दिएको देखिन्छ । यसरी कार्यान्वयन पुस्तिका विपरित दिएको बढी भुक्तानी रु.१,००,०००।०० असूल गर्नुपर्दछ ।

१३. **पाठ्यसामाग्री खरिद** : अनौपचारिक शिक्षा तथा निरन्तर सिकाई कार्यक्रम कार्यान्वयन पुस्तिका २०७२ मा पाठ्य सामग्री खरिद गर्न प्रति सहभागी रु.१००।- का दरले सहभागी संख्याको आधारमा सम्वन्धित केन्द्रलाई निकाशा दिनुपर्नेमा पाठ्यसामग्री खरिद गर्न निकासा उपलव्ध नगराई आवश्यकता अनुसार साक्षरता खण्डका पाठ्यसामग्री तयारी अवस्थामा बजारमा उपलव्ध नभएको कारण जनाई एक सामुदायिक अध्ययन केन्द्रबाट पाठ्यसामग्री खरिद गरी एकमुष्ट रु.७५,०००।०० भुक्तानी दिएको नियमसम्मत देखिएन ।

१४. **मापदण्ड विपरीत खर्च** : अर्थ मन्त्रालयले तयार गरेको खर्चको मापदण्डमा सम्वन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापत पारिश्रमिक नपाउने उल्लेख छ। तर कार्यालयले सो मापदण्ड विपरीत रु.१३,६०० भुक्तानी गरेकोले असूल गर्नुपर्दछ। त्यसैगरी मापदण्डमा प्रशिक्षण कार्यका लागि प्रति कार्यक्रम रु.२,५००।०० खर्च गर्न सक्नेमा रु.१७,७०१।०० खर्च लेखेकोले मापदण्डमा भन्दा बढी गरिएको खर्च गरेको रु.१५,२०१।०० र मापदण्डमा कार्यालय बाहिरको श्रोत व्यक्तिको हकमा ३० कार्यदिनसम्म प्रति दिन मुख्य प्रशिक्षकलाई रु.५००।०० दिने व्यवस्था छ । कार्यालयले आयोजना गरेको ५ दिने

निरन्तर शिक्षा अर्न्तगत सहयोगी कार्यकर्ता तालिममा बाह्य स्रोत व्यक्तिलाई रु.१३,५००।०० भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु.११,०००।०० समेत रु.२६,२०१।०० असूल गर्नुपर्दछ ।

१५. **मसलन्द अनुदान** : शिक्षा विभागले अख्तियारी साथ दिएको निर्देशनमा एउटा शीर्षकमा विनियोजन भएको रकम अर्को शीर्षकमा खर्च गर्न नहुने तथा स्वीकृत नमर्सको परिधिभित्र रहेर स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरेको आधार र प्रक्रिया पुरा गरेर मात्र खर्च लेख्नुपर्ने उल्लेख छ । तर कार्यालयले स्वीकृत कार्यक्रममा ३४ उ.मा.वि. का लागि प्रति बिद्यालय रु.५०,०००।०० का दरले रु.१७,००,०००।०० बजेट व्यवस्था भएकोमा थप २ उ.मा.वि. लाई मा.वि. को विद्यालय सञ्चालन मसलन्द अनुदान शीर्षकबाट रु.१,००,०००।०० शीर्षक फरक पारी अनुदान दिएको देखियो ।

१६ **भौतिक सुविधा** : विद्यालय क्षेत्र सुधार कार्यक्रमअन्तर्गत पुँजीगत अनुदानमा विनियोजित रु.१७,१४,००,०००।०० मध्ये रु.१७,११,००,०००।०० खर्च भएको सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१६.१ कार्यक्रम कार्यान्वयन पुस्तिका २०७२।७३ मा छनौट भएको विद्यालयको नाम विभागबाट राष्ट्रियस्तरको पत्रिका वा विभागको वेभ साइटमा सार्वजनिक भएपछि प्रत्येक विद्यालयको लागि छुटाछुटै परिमाण तथा लागत अनुमान, विद्यालयबाट अनिवार्य व्यहोरिने श्रमदान समेत उल्लेख गरी प्रत्येक विद्यालयसंग सोही अनुसार सम्झौता गर्नुपर्ने उल्लेख छ । तर कार्यालयले केही विद्यालयसँग मात्र तोकिए बमोजिम सम्झौता गरेको भएता पनि लागत अनुमान तयार गर्दा विद्यालयबाट व्यहोरिने श्रमदानको रकम उल्लेख गरेको पाइएन ।

१६.२ सोही निर्देशिका बमोजिम गत आ.व. को क्रमागत निर्माण कार्यका हकमा सम्झौता भएका विद्यालयहरुलाई तोकिएको काम सम्पन्न गरी विद्यालयले सो जानकारी गराई रकम माग गरेपछि प्राविधिकहरुले निरीक्षण गरी दिएको प्रतिवेदनको आधारमा निकासा दिनुपर्ने तथा गत विगतको काम सम्पन्न नगरी फरफारक नगरेका विद्यालयहरुलाई कुनै पनि निर्माण कोटा नदिने व्यवस्था भएकोमा गत वर्षको पेश्की फछ्र्यौट नगरेका, कार्यसम्पन्न प्रतिवेदन प्राप्त नभएका र प्राविधिकहरुको निरीक्षण प्रतिवेदन बेगर ३ विद्यालयलाई रु.४२,००,०००।- भुक्तानी दिएको छ ।

१६.३ भूकम्पबाट सामान्य क्षति पुगेका दुई विद्यालय मर्मतका लागि पहिलो र दोश्रो किस्ता भुक्तानी गर्दा दोहोरो भुक्तानी दिएको रु.७५,०००।- असूल गर्नुपर्दछ ।

१६.४ भूकम्पबाट सामान्य क्षति पुगेका ८८ विद्यालय मर्मतका लागि प्रति विद्यालय रु.१,००,०००।- का दरले विनियोजित रकम कार्यक्रमको इकाइ लागत टुक्रयाएर वितरण गर्न नपाइनेमा टुक्रयाएर २९ विद्यालयलाई प्रति विद्यालय रु.५०,०००।- का दरले रु.१४,५०,०००।- भुक्तानी दिएको छ ।

१६.५ विद्यालयको भवन निर्माणका लागि अन्तिम किस्ता भुक्तानी गर्दा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेमा कार्यसम्पन्न प्रतिवेदन पेश नगरेको अवस्थामा समेत रु.१३,२८,५०,०००।- अनुदान भुक्तानी गरेको देखियो । स्वीकृत कार्यक्रम अनुसार प्रक्रिया पुऱ्याई अनुदानको परिचालन गर्नुपर्दछ।

१७. **श्रेस्ता पेश नभएको** : जिल्ला शिक्षा समिति तर्फ शिक्षक सेवा आयोग र उच्च माध्यमिक शिक्षा परिषद लगायतबाट प्राप्त आम्दानी रु.३२,६३,१९०।०० को लेखापरीक्षण गरिएको छैन । स्रेस्ता पेश गरी लेखापरीक्षण गराउनुपर्दछ ।

१८. **सामान दाखिला** : रीतपूर्वक दाखिला भएपछि मात्र भुक्तानी गर्नुपर्नेमा खरिद सामान जिन्सी दाखिला नभएको अवस्थामा समेत रु.३०,००,०००।०० भुक्तानी गरेको देखियो ।

त्यस्तै एककर्मचारीको नाममा पेश्की रु.७,८२,०००।०० बाँकी रहेको व्यहोरा आन्तरिक लेखापरीक्षणले औंल्याएको मा अन्तिम लेखापरीक्षणको अवधि सम्ममा पनि सुधार एवं फछ्यौट नभएकोले समयमा नै कारबाही गरी बेरुजू फछ्यौट गराउनुपर्दछ।

## स्थानीय विकास कोष समितिको सचिवालय

१. **आन्तरिक नियन्त्रण :** सचिवालयले कानुनको परिपालना गरी आन्तरिक नियन्त्रण प्रणाली सबल बनाउनुपर्नेमा जिन्सी निरीक्षण नगरेको र तलबी प्रतिवेदन पारित नगरी रु.१९,२१,७४३।- तलब खर्च लेखेको देखियो। उल्लिखित विषयमा कानुनको परिपालना गरी कार्यसञ्चालन गर्नुपर्दछ।

२. **पेश्की बाँकी :** पेश्की लिने सरकारी कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्याद भित्र पेश्की फछ्यौंट गर्नुपर्नेमा रु.२४०,०००।- फछ्यौंट गरेकोछैन।

# आन्तरिक लेखापरीक्षण

यस जिल्ला अन्तरगत ३२ कार्यालयको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सम्पन्न भएको छ। आन्तरिक लेखापरीक्षण प्रतिवेदनअनुसार १८ कार्यालयको बेरुजू नदेखिएको जनाएको छ। यस बर्ष आन्तरिक लेखापरीक्षणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएका २७ मध्ये निम्न ९ कार्यालयको रु.१३८०२२४७- बेरुजू बाँकी देखिएको छ। आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९६ अनुसार आन्तरिक लेखापरीक्षणबाट औंल्याएको बेरुजू अन्तिम लेखापरीक्षण अगावै फछ्र्यौट गर्नुपर्नेमा बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ।

| सि न | कार्यालय | शीर्षक | व्यहोरा | रकम (रु) |
|---|---|---|---|---|
| १ | जिल्ला अदालत | २०४०२१४ | मोविलाईजेशन पेश्की | १५१७५०।- |
| २ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ३१४०१३४ | मोविलाईजेशन पेश्की | १९७४०००।- |
| ३ | कृषि विकास कार्यालय | ३१३८०२३ | सार्वजनिक खरिद नियमावली २०६४ को पालना गरी खरिद गर्नु पर्नेमा नगरेको | सैद्धान्तिक |
| ४ | पशु सेबा कार्यालय | ३१२८०३३ | सबारी मर्मतमा सार्वजनिक खरिद नियमावली २०६४ को पालना गरी खरिद गर्नु पर्नेमा नगरेको | सैद्धान्तिक |
| ५ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | ३४७८०२३ | भ्रमण प्रतिवेदन संलग्न नगरी खर्च लेखेको | सैद्धान्तिक |
| ६ | ग्रामीण पुर्ननिमार्ण तथा पुर्नस्थापना आयोजना | ३६५८०६३ | मोविलाईजेशन पेश्की | ३६०४०००।- |
| ७ | जिल्ला प्राविधिक कार्यालय | ३३६१०६४ | संस्थागत पेश्की | ४८४५०।- |
| | | ३४९१०२४ | संस्थागत पेश्की | ८५५००।- |
| ८ | जिल्ला प्रशासन कार्यालय | ३१४०१६४ | मोविलाईजेशन पेश्की | २०१८०००।- |
| ९ | सिचाई विकास सव-डिभिजन | ३५७०१४३ | भ्रमण प्रतिवेदन संलग्न गरी खर्च लेख्नु पर्नेमा प्रतिवेदन सलंग्न नगरेको | सैद्धान्तिक |
| | | ३५७१२७४ | मोविलाईजेशन पेश्की | ११७००००।- |
| | | ३५७१२७४ | मोविलाईजेशन पेश्की | ८०००००।- |
| | | ३५७१२७४ | मोविलाईजेशन पेश्की | ४५००००।- |
| | | | **जम्मा** | १३८०२२४७- |

**(बामदेब शर्मा अधिकारी)**
**नायब महालेखारीक्षक**

अनुसूची १

## लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अंक

**लेखापरीक्षण विधिः विस्तृत** (रु लाखमा)

| क्र. स. | कार्यालयको नाम | विनियोजन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १ | घरेलु तथा साना उद्योग विकास समिति | ८४ | २५ | ११ | - | १२० |
| २ | जिल्ला विकास समिति | - | - | - | ११४२५ | ११४२५ |
| ३ | जिल्ला शिक्षा कार्यालय | ९३,५१ | ५१ | - | ६३ | ९४६५ |
| ४ | जिल्ला स्वास्थ्य कार्यालय | १४,३९ | २ | ७ | ८१ | १५२९ |
| ५ | स्थानीय विकास कोषको सचिवालय | - | - | - | १७७ | १७७ |
| | **जम्मा** | १०८७४ | ७८ | १८ | ११७४६ | २२७१६ |

**लेखापरीक्षण विधिः आन्तरिक लेखा परीक्षण र केन्द्रीय आर्थिक विवरण**

(रु लाखमा)

| क्र. स. | कार्यालयको नाम | विनियोजन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १. | जिल्ला अदालत | १४८ | १७ | ७५ | - | २४१ |
| २. | जिल्ला सरकारी वकिल कार्यालय | २९ | - | ७ | - | ३७ |
| ३. | कृषि विकास कार्यालय | १९२ | १ | ५ | - | १९८ |
| ४. | जिल्ला प्रशासन कार्यालय | १४० | २४७ | २९ | ९३४ | १,३५० |
| ५. | राष्ट्रिय अनुसन्धान कार्यालय | ८१ | ० | - | - | ८१ |
| ६. | इलाका प्रहरी कार्यालय | १२५ | - | - | - | १२५ |
| ७. | जिल्ला भू-संरक्षण कार्यालय | ४०५ | ० | २ | - | ४०७ |
| ८. | नापी कार्यालय | ११८ | ८ | ३ | - | १२९ |
| ९. | रण भैरवी दल गुल्म | ६८५ | ० | १४ | - | ६९९ |
| १०. | पश्चिमान्चल सिंचाइ विकास सव डिभिजन कार्यालय | ३९३ | १ | ४४ | ४ | ४४२ |
| ११. | जिल्ला निर्वाचन कार्यालय | ४६ | ० | - | - | ४६ |
| १२. | कोष तथा लेखा नियन्त्रक कार्यालय | ८२ | ३८४ | १ | - | ४६८ |
| १३. | पशुसेवा कार्यालय | ३७१ | १ | ४ | १० | ३८६ |
| १४. | जिल्ला प्रहरी कार्यालय | ८८५ | ० | ९ | ३४ | ९२८ |
| १५. | कारागार कार्यालय | ६६ | - | - | - | ६६ |
| १६. | सशस्त्र प्रहरी बल चण्डिका गण | २,३९४ | - | - | - | २,३९४ |
| १७. | मालपोत कार्यालय | ५८ | २०१ | ११ | - | २७० |
| १८. | महिला तथा बालबालिका विकास कार्यालय | १७५ | ० | १ | ११ | १८७ |
| १९. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | १,५६१ | १ | ४२ | - | १,६०३ |
| २०. | जिल्ला ट्राफिक प्रहरी कार्यालय | - | २८ | - | - | २८ |
| २१. | व्यावसायिक तथा सीप विकास तालीम केन्द्र | ११७ | ० | २ | - | १२० |
| २२. | जिल्ला प्राविधिक कार्यालय | १०५ | - | - | - | १०५ |
| २३. | जिल्ला आयोजना कार्यालय(ग्रामीण) | २४२ | - | ६८ | - | ३११ |
| २४. | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | ७४ | ० | १ | - | ७५ |
| २५. | ईलाका प्रशासन कार्यालय | ७ | - | - | - | ७ |
| २६. | जिल्ला वन कार्यालय | ४५४ | ३ | १२ | २५ | ४९४ |
| २७. | जिल्ला हुलाक कार्यालय | ३३४ | ६ | ० | - | ३४० |
| | **जम्मा** | ९,२८८ | ८९८ | ३३० | १,०१८ | ११,५३४ |
| | **कूल जम्मा** | २०१६२ | ९७६ | ३४८ | १२७६४ | ३४२५० |

अनुसूची २

# बेरुजूको स्थिति

(रु हजारमा)

| क्र.स. | कार्यालयको नाम | सूरु बेरुजू | | प्रतिक्रियाबाट फछ्र्यौट र समायोजन | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को कममा | प्रतिक्रिया बाट | जम्मा |
| १ | जिल्ला अदालत | १ | १५२ | - | - | १ | - | - | १५२ | १५२ | | - | - |
| २ | घरेलु तथा साना उद्योग विकास समिति | ७ | ८ | ३ | - | ४ | ८ | - | - | ८ | - | - | - |
| ३ | जिल्ला विकास समिति | ३३ | ११३,९४१ | १ | २९४२६ | ३२ | ५९०९ | ११४१० | ६७१९६ | ८४५१५ | २ | - | २ |
| ४ | जिल्ला स्वास्थ्य कार्यालय | २८ | ४,४३४ | १३ | २९६४ | १५ | ९७ | १३७३ | - | १४७० | - | - | - |
| ५ | जिल्ला शिक्षा कार्यालय | ३७ | १६६,७२६ | १९ | - | १८ | ६०७ | १६५,३३७ | ७८२ | १६६,७२६ | - | - | - |
| ६ | स्थानीय विकास कोषको सचिवालय | ३ | २४० | १ | - | २ | - | - | २४० | २४० | - | - | - |
| ७ | जिल्ला पशुसेवा कार्यालय | २ | सैद्धान्तिक | १ | - | १ | - | - | | - | - | - | - |
| ८ | जिल्ला कृषि विकास कार्यालय | १ | सैद्धान्तिक | - | - | १ | - | - | | - | - | - | - |
| ९ | जिल्ला प्रशासन कार्यालय | १ | २,०१८ | - | - | १ | - | - | २,०१८ | २,०१८ | - | - | - |
| १० | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | १ | सैद्धान्तिक | - | - | १ | - | - | | - | - | - | - |
| ११ | जिल्ला प्राविधिक कार्यालय | २ | १३४ | - | - | २ | - | - | १३४ | १३४ | - | - | - |
| १२ | पूननिर्माण जिल्ला आयोजना कार्यालय | १ | ३,६०४ | - | - | १ | - | - | ३,६०४ | ३,६०४ | - | - | - |
| १३ | पश्चिमाञ्चल सिँचाइ विकास सवडिभिजन कार्यालय | ४ | २,४२० | - | - | ४ | - | - | २,४२० | २,४२० | - | - | - |
| १४ | राष्ट्रिय अनुसन्धान कार्यालय | १ | १,९७४ | - | - | १ | - | - | १,९७४ | १,९७४ | - | - | - |
| १५ | जिल्ला नापी कार्यालय | १ | ३,५४१ | १ | ३५४१ | - | - | - | - | - | - | - | - |
| | **जम्मा** | **१२३** | **२९९१९२** | **३९** | **३५९३१** | **८४** | **६६२१** | **१७८१२०** | **७८५२०** | **२६३२६१** | २ | - | २ |

**द्रष्टव्य :**
- *बेरुजूको दफा अन्तर्गत सैद्धान्तिक र लगती दुवैको जम्मा संख्या समावेश छ।*
- *प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिक्रियाबाट फछ्र्यौट एवं समायोजन गरी अनुसूचीमा बाँकी दफा कायम गरिएको छ।*

## जिल्ला विकास समितिको एकीकृत आय-व्यय विवरण

| आय | रकम | ब्यय | रकम |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | **७५४२६२५५।८७** | **वजेट खर्च** | **१३९००६०८२।००** |
| राजश्व बांडफांड  मालपोत विद्युत | ३४००७२७९।५९ | जि.वि.स. अनुदान (चालु) | ३९७८००८२।०० |
| आन्तरिक आम्दानी खाता | ३७५२९०७।९७ | गा.वि.स. अनुदान (चालु) | ९९२२६०००।०० |
| कर्मचारी कल्याण कोष | ६१९४०१९।८५ | **अन्य कोष खर्च** | **९२५३०६९६।०६** |
| मानव संसाधन कोष | ५६३७२०।०० | राजश्व बांडफांड  मालपोत विद्युत | ३०३७४१७४।३३ |
| मर्मत संभार कोष | १६८६४३३।०० | आन्तरिक आम्दानी खाता | १२७८०४३४।०० |
| प्रकोप व्यवस्थापन कोष | १६५४००।०० | कर्मचारी कल्याण कोष | ४०७६१९७।०० |
| महिला तथा बाल विकास कोष खाता | १०५०००।०० | मानव संसाधन कोष | १०५०००।०० |
| स्थानीय विकास विशेष कोष | १५८०६६।०० | मर्मत संभार कोष | ६३७४७०।०० |
| वातावरण विकास कोष | ३८०००।०० | प्रकोप व्यवस्थापन कोष | ३५०००।०० |
| गरिवी निवारण तथा सा.प. कोष | १६७२५०।०० | वातावरण विकास कोष | ३००००।०० |
| समपुरक कोष | ३८५९४९१।०० | समपुरक कोष | ३५९७००५।०५ |
| भारतीय राजदुतावास सहयोग कार्यक्रम | १४०२।१९ | भारतीय राजदुतावास सहयोग कार्यक्रम | २१९२३७३।०० |
| डि एफ आई डि | २३९७७३।०० | संस्कृति मन्त्रालय | २२३८५०।०० |
| धरौटी | ८३७९६४६।९१ | पश्चिम नेपाल ग्रामिण खा.पा.पूजिगत | ३४०४३२६।५० |
| संस्कृति मन्त्रालय | २०९०७२।०० | पश्चिम नेपाल ग्रामिण खा.पा.चालु | ५९२३११६।०० |
| पश्चिम नेपाल ग्रामिण खा.पा.पूजिगत | ६४६१६८।५७ | सडक बोर्ड नेपाल | १५६६४३७९५ |
| पश्चिम नेपाल ग्रामिण खा.पा.चालु | ४४१७७८९।०० | ग्रामिण पहुच कार्यक्रम | २०२६८७९०।४४ |
| सडक बोर्ड नेपाल | ५४६९३७९५ | लघु उद्यम कार्यक्रम | ९२०२९१।०० |
| ग्रामिण पुन निर्माण पुन स्थापना | ३९१४७९० | वातावरण,उर्जा तथा जलवायु परिवर्तन | ३००७७१७७९ |
| ग्रामिण पहुच कार्यक्रम | ७९८३३६१।२२ | कन्टिजेन्सी | ३३८८५१३।०० |
| लघु उद्यम कार्यक्रम | ६७९५००।०० | **केन्द्रिय राजश्व दाखिला** | **१३९०१८४६।००** |
| वातावरण,उर्जा तथा जलवायु परिवर्तन | १३०६९६६।७२ | **धरौटी खर्च** | **२२२९४४०।००** |
| उपेक्षीत उत्पिडित ड्राफ्ट | २५००००।०० | खाता नं. ३००१ ग ३ | २२२९४४० |
| कन्टिजेन्सी | २८९२३।०० | **मौज्दात** | **६८५६७३६९।४१** |
| **नेपाल सरकारको अनुदान** | **१३९००६०८२।००** | वैंक मौज्दात | |
| जि.वि.स. अनुदान (चालु) | ३९७८००८२।०० | राजश्व बांडफांड  मालपोत विद्युत | १९७१८७२४।७८ |
| गा.वि.स. अनुदान (चालु) | ९९२२६०००।०० | आन्तरिक आम्दानी खाता | १६०४३०१।६५ |
| **आन्तरिक श्रोत** | **२६७१७४४७२०** | कर्मचारी कल्याण कोष | ७६५७९९१।५५ |

| आय | रकम | व्यय | रकम |
|---|---|---|---|
| क) कर दस्तुर सेवा शुल्क र भाडा | १०६३१८२७६८ | मानव संसाधन कोष | ४७८७२०।०० |
| ख) राजश्व बाँडफाँडबाट | १६०८५६१९।५२ | मर्मत संभार कोष | २२११८३०।०० |
| **अन्य श्रोत** | **५७५२०६१३।४०** | प्रकोप व्यवस्थापन कोष | १५१९००।०० |
| कर्मचारी कल्याण कोष | ५५४०१६८।७० | महिला तथा बाल विकास कोष खाता | १२५०००।०० |
| मानव संसाधन कोष | २००००।०० | स्थानीय विकास विशेष कोष | १७८०६६।०० |
| मर्मत संभार कोष | ११६२८६७।०० | वातावरण विकास कोष | २८०००।०० |
| प्रकोप व्यवस्थापन कोष | २१५००।०० | गरिवी निवारण तथा सा.प. कोष | १८७२५०।०० |
| महिला तथा बाल विकास कोष खाता | २००००।०० | समपुरक कोष | ४७६२४८५।९५ |
| स्थानीय विकास विशेष कोष | २००००।०० | भारतीय राजदुतावास सहयोग कार्यक्रम | २०१३।१९ |
| वातावरण विकास कोष | २००००।०० | डि एफ आई डि | २३९७७३।०० |
| गरिवी निवारण तथा सा.प. कोष | २००००।०० | धरौटी | ९८१३३९५।९१ |
| समपुरक कोष | ४५०००००।०० | संस्कृति मन्त्रालय | ५८५२२२।०० |
| भारतीय राजदुतावास सहयोग कार्यक्रम | २१९२९८४।०० | पश्चिम नेपाल ग्रामिण खा.पा.पूजिगत | ९५८३८९३।०७ |
| संस्कृति मन्त्रालय | ६०००००।०० | पश्चिम नेपाल ग्रामिण खा.पा.चालु | ३४९४६७३।०० |
| पश्चिम नेपाल ग्रामिण खा.पा.पूजिगत | १२३४२०५१।०० | ग्रामिण पुन निर्माण पुन स्थापना | ३९१४७।९० |
| पश्चिम नेपाल ग्रामिण खा.पा.चालु | ५००००००।०० | ग्रामिण पहुच कार्यक्रम | ३९१७७३६।७८ |
| सडक बोर्ड नेपाल | १०१९५००।०० | लघु उद्यम कार्यक्रम | १५९२०९।०० |
| ग्रामिण पहुच कार्यक्रम | १६२०३१६६।०० | वातावरण,उर्जा तथा जलवायु परिवर्तन | १२३०९८०।९३ |
| लघु उद्यम कार्यक्रम | ४०००००।०० | उपेक्षीत उत्पिडित ड्राफ्ट | २५००००।०० |
| वातावरण,उर्जा तथा जलवायु परिवर्तन | २९३१७३२।०० | कन्टिजेन्सी | ९७२६७६।२० |
| कन्टिजेन्सी | ४३३२२६६।२० | भ्याट र कर अन्तरिक आय खाता | ११७४३७८।५० |
| भ्याट र कर अन्तरिक आय खाता | ११७४३७८।५० | | |
| **केन्द्रिय राजश्व** | **१३९०१८४६।००** | | |
| **धरौटी आम्दानी** | **३६६३१८९।००** | | |
| **आन्तरिक तर्फको जम्मा** | **३१६२३५४३३।४७** | **आन्तरिक तर्फको जम्मा** | **३१६२३५४३३।४७** |
| **केन्द्रीय कार्यक्रमतर्फको आय** | **३२६९८९९८०।५०** | **केन्द्रीयतर्फको व्यय** | **३२६९८९९८०।५०** |
| **कुल जम्मा** | **६४३२२५४१३।९७** | **कुल जम्मा** | **६४३२२५४१३।९७** |

# जिम्मेवार पदाधिकारीहरुको नामावली

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| १ | जिल्ला अदालत | श्री दयाराम पोखरेल | श्री बुद्धिराज गुरुङ्ग |
| २ | घरेलु तथा साना उद्योग विकास समिति | श्री रमेशराज रेग्मी | श्री टेकनाथ पराजुली |
| ३ | जिल्ला विकास समिति | श्री युवराज पौडेल | श्री रामनाथ शर्मा |
| ४ | जिल्ला शिक्षा कार्यालय | श्री रमेशराज पौडेल | श्री खिलप्रसाद कुँवर |
| ५ | जिल्ला स्वास्थ्य कार्यालय | श्री फणिन्द्रप्रसाद बराल | श्री एकनारायण पौडेल |
| ६ | स्थानीय विकास कोषको सचिवालय | श्री लिलाधर सुवेदी | श्री युवारज सुवेदी |
| ७ | जिल्ला पशुसेवा कार्यालय | डा. सुधीर थापा | श्री दिनेश सापकोटा |
| ८ | जिल्ला कृषि विकास कार्यालय | श्री वासुदेव रेग्मी | श्री मञ्जु शर्मा |
| ९ | जिल्ला प्रशासन कार्यालय | श्री शम्भु प्रसाद मरासिनी | श्री चित्रराज न्यौपाने |
| १० | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | श्री प्रेम प्रसाद डोटेल | श्री राम शर्मा लामिछाने |
| ११ | जिल्ला प्राविधिक कार्यालय | श्री महेन्द्र बानियाँ | श्री टंक पौडेल |
| १२ | पून निर्माण जिल्ला आयोजना कार्यालय | श्री महेन्द्र बानिया | श्री टंक पौडेल |
| १३ | पश्चिमाञ्चल सिँचाइ विकास सव डिभिजन कार्यालय | श्री राजेन्द्रकुमार श्रेष्ठ | श्री धनबहादुर कुँवर |
| १४ | राष्ट्रिय अनुसन्धान कार्यालय | श्री विष्णुहरी पण्डीत | श्री सिद्धिराज रेग्मी |

977-1-4258172, 4255707

info@oag.gov.np

Kathmandu, Nepal

977-1-4268309, 4262798

13328

www.oagnep.gov.np